कमल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

कमल, झापा

१ नं. प्रदेश, नेपाल

प. स. ०७९/०८०

च. न. १६५६

प्रकाशित मिति: २०७९।१०।२९

कमल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गौरीगञ्ज(?) १ नं. प्रदेश, नेपाल

## सूचना! सूचना!! सूचना !!!

श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्रालय अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन गरी संवैधानिक हक अन्तर्गत रोजगारीको हक सुनिश्चत गर्न प्रत्येक स्थानीय तहमा रोजगार सेवा केन्द्र स्थापना भई कार्यक्रम सञ्चालन भइ रहेको अवगत नै छ। तसर्थ यस स्थानीय तह अन्तर्गत आ व २०७९/८० का लागि प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजनाको कार्यान्वयनबाट सामाजिक र आर्थिक अवसरबाट वञ्चित महिला, आदिवासी, जनजाती, मधेसी, दलित तथा अन्य सिमान्तकृत समुदाय लगायतलाई विविध आयोजना तथा कार्यक्रम मार्फत रोजगारी उपलब्ध गराउन बेरोजगार व्यक्तिहरुलाई आफु स्थायी बसोबास गरेको वडाको वडा कार्यालयमा गई बेरोजगार व्यक्तिको सूचिमा सूचिकृत हुनको लागि तपशिल बमोजिमको कागजात सहित मिति २०७९।११।१ देखि २०७९।११।३० भित्रमा वडा कार्यालयबाट प्राप्त बेरोजगार फारम **पूर्ण रुपमा भरी** वडा कार्यालयमा नै बुझाउनुहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ।

**आवश्यक कागजातहरु:**

१. सम्पूर्ण परिवारका सदस्यको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बालबालिकाको हकमा जन्म दर्ताको प्रतिलिपि।

२. शैक्षिक योग्यता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

३. अशक्तता भएमा अशक्तताको परिचयपत्रको प्रमाणित प्रतिलिपी।

४. कुनै काम गरेको अनुभव भए अनुभवको प्रमाणित प्रतिलिपि ।

५. पासपोर्ट साइजको फोटो १ प्रति।

२०७९।१०।२९

राज कुमार शाक्य

प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क व्यक्ति: रबिन भट्टराई (रोजगार सहायक)

फोन नं. ९८६१९७९१२५ र ९८१८०८९७३७ / ९८०३५०१३५८

**नोट: पूर्ण रुपमा नभरिएका फारमहरु स्वतः रद्द हुने व्योहोरा जानकारी गराईन्छ ।**

भरत चन्द्र तिवारी

रोजगार संयोजक